# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

४ श्री ५ गोर्षा सर्कार. भोट सर्कारका षासापट्टिका साध सिमाना सच्यायाको कागज—

उप्रान्त अघिछ्यांलुङ ५७ सालमा श्री ५ चीनवादशाहका हुकुमले आयाका वडा टुंथ्वाङ च्यानच्युनवाट श्री ५ गोर्षा सर्कारलाई गरिदियाका सनदमा र मौतासिं अम्वाले कुतिका ढेवा कटुवालनाई गरिदियाका सनदमा षासा फलाम साधुका जग्गामा ढुंगाको थुप्रो र पानिले छेक्यासम्म सोझो दक्षिण गोर्षाले चर्चनु उत्तर भोटले चर्चनु भंन्या वेहोराका सनद भयाको छदाछदै षासातर्फवाट केहि जगा मिचिन जादा श्री ५ गोर्षा सर्कारवाट ल्हासाका श्रीवडा अम्वालाई लेषी रमना हुँदा सिवाना जाचि सच्याई रफा गर्नालाई चिनिञा भोटया साहेवानहरुवाट षटन् भै लावाङछ्यानजोयल्हावाङ गोनवो कुतिका २ ढेवा नैवोहरू सिवानामा आया श्री ५ गोर्षा सर्कारवाट काजी उमाकान्त उपाध्याय कपतान् सताराम षत्री कपतान् जवर कार्किहरू आई षासा सिवानामा २ तरफका भारादार वसि २ सनद हेर्दा दुवै सनदमा फलाम साधुदेषी दषीन गोर्षाको उत्तर भोटको भनि षुलासा लेष्याको रहेछ फलाम साधुदेषी पूर्वपश्चिम येताउता अघि वमोजिम चर्चनु भनि लेष्याको रहेछ फलानु साध भंन्या वेहोरा षुलासा नलेष्याको हुनाले गोर्षाका भारादारहरूले फलाम साधुका ढुंगा थुप्रायाका किलादेषी पूर्वपश्चिम सोझो साध लाउनु भंदा भोट तरफका भारादार हरूले छ्याङलुङ ५७ सालदेषी भोटवाट चर्चि आयाको जगा आज हामि छोडन सक्तौन भनि भन्दा दुवै तर्फको कुरा नमिल्दा छ्यानजोयल्हावाङगोनवोले कारोवारि नामध्याल छेटेनलाई श्री ५ गोर्षा सर्कारका वडा वजीर श्री मिनिष्टर साहेवका हजूरमा हाजिर भै गोर्षावाट आउन्या भारादारहरूसित सिवानाको कुरा रफा हुन नसकता हामी यहां हाजिर भञ्यूं हजूरका तजविजले दुवै सर्कारको चित्त रहन्या सहलह गरि पछिसम्म तकार नहुन्या पाठसंग रफा गरि वक्सनुहवोस् हामिलाई मंजुर छ भन्या विंति गर्दा दुवै तर्फका सनदमा पनि फलाम साधु देषी दषीन गोर्षाको उत्तर भोटको भनि लेष्याको विहोराले फलास साधुदेषी पूर्वपश्चिम सोझासोझ गर्नु पर्न्या हो तैपनि गोर्षा भोट दुवै सर्कार श्री ५ वादसाहका हुकुममा रहन्या हुनाले र तिमीहरूले पनि नेपालसम्म आई छिनिवक्सनु हवोस् भनि विन्ति गर्‍यापछि हामीले सहलह गर्दैनौ भनि जवाव दिन मुनासिव पर्दैन ।। अव उप्रान्त सिवानाको फलाम साधुदेषी पूर्वतर्फ अघिदेषी भोटवाट चर्च्याको लिपिङ खोला र भोटचाकोसिका दोभानदेषी जुमषोला र भोटचाकोसिको दोभानसम्मका विचमा भोटचाकोसिदेषी पूर्व भोटको पश्चिम गोर्षाको फेरी भोटचाकोसि र जुमषोला २ का दोभानमा ढुंगामा थुप्रादेषी जुमषोलाको सिर छान्या भन्याको पानि र विचविचमा ढुंगाको थुप्रा लायाको छ उत्तर भोटको दषीन गोर्षाको फेरि जुमषोलाको सिर छान्याको ढुंगाका थुप्रादेषी तिनचाल्याका डाडाका धारदेषी हिमालयसम्म पानिढलोदषिन पूर्व गोर्षाको उत्तर पूर्व भोटको फेरि फलाम साधुको भोटचाकोसी र लिपिङ षोलो २ का दोभानदेषी लिपिङ खोलाका सीरको षरान्या पोषरिदेषी हिमालयसम्म ठाउंठाउंमा ढुंगाका थुप्रा लाया को छ. पानिढलोपश्चिम दषिन गोर्षाको उत्तर पश्चिम

भोटको येहि विहोरा वमोजिम दोहरा नक्साका कागजमा लाललकीरदेषी उभो भोटको लाललकीरदेषी उधो गोर्षाको भन्या वन्दोवस्त दुवै तर्फका वमोजीम तपसीलका भारादार वसि आजका मिति सम्वतमा येस सनदमा र दुवै तर्फका सिवानाका नक्साका सनदमा दुवै तर्फका भारादारले दुवै कागजमा सहिछाप गरि भोटतर्फले गोर्षा तर्फलाई दिञ्यू सोइ वमोजिम गोर्षाले भोटतर्फलाई दिञ्यू यस सिवानामा अव उप्रांत गोर्षा भोटका छोटा वडा सवैले येहि थिति थामि जुगजुगसम्म झगडा तकार थिचोमिचो रतिभर नगर्नु नागरि अक्षर र भोटचा अक्षर भयाको कागज र नक्साका सनदमा छाप लाई लिनुदिनु गर्‍यौ—

तपसील

श्री ५ गोर्षातर्फका भारादार

| | |
|---|---|
| काजि उमाकान्त उपाध्या— | १ |
| कपतान् सताराम षत्रि— | १ |
| कपतान् जवर कार्कि— | १ |
| डिट्ठा मानसरवर— | १ |
| भोटमुन्सी धिनरसि— | १ |

श्री भोटतर्फका भारादार

| | |
|---|---|
| लावाङ छ्यानजोय् च्याङ घ्याप् ह्लावाङ गोनवो— | १ |
| ढेवा मेनछुत्रा | १ |
| ढेवा हिजिन ताना— | १ |
| कारोवारि नाम्छ्याल् छेटेन्— | १ |
| दोभास्या कार्साङ— | १ |
| दोभास्या इस्पे— | १ |

---

साके १७७५ सम्वत् १९१० साल मिति श्रावण शुदि १ रोज ६ मुकाम षासा शुभम्—

स्वस्तिश्री ५ गोर्षा महाराजका हुकुमले वडा वजीर श्री प्राइममिनिष्टर यान कम्यांडर इन चीफ जनरल जङ्गवहादुर कुवर राणाजिका मर्जिले आयाका भारादार र श्री चीन भोट सर्कारका हुकुमले आयाका भारादारहरू षासा दोसाधमा वसि वन्दोवस्त गर्‍यौ— उप्रान्त आजसम्म गोर्षा भोटका साथ सिवानामा वस्न्या प्रजा गैह्लाई येकातर्फवाट वलपन पक्षे गर्दा दोश्रा सर्कारका रैयतहरू विपक्षका हुनाले वरोवर निसाफ नपाउदा साह्रै विनिसाफमा परि कराउथ्या अव उप्रान्त भोट तर्फवाट भोटमा षुन चोरी उपद्रव षत लागन्या कुरा गरि षतुकी भै भागी भोटवाट गोर्षाका अम्वलमा आयो भन्या तेस्ता लाई भोटतर्फवाट फलानु विरा विजाइ गरि फलानु मानिस फलाना जगामा वस्याको छ तलास गरि पठाइदेउ भन्या लेषत आयो भन्या तेस्तालाई पक्रि जसावाट लेषि आयो वहि सपुर्त गरि पठाइदिनु औ गोर्षातर्फवाट गोर्षामा षुन चोरी उपद्रव षत लागन्या कुरो गरि षतुकि भै गोर्खावाट भोटका अम्वलमा आयो भन्या तेस्तालाई पक्रि जतावाट लेखि आयाको छ उहि सपुर्द गरि पठाई दिनु औ भोट तरफका रैयतको र गोर्खा तरफका रैयतको सिवानाको र अरूको नै कुराको झगडा केहि परि आयो भन्या दोसाधमा २ तर्फका मानिस वसि पुर पक्षे गरि डंड जिता उरि जो पर्छ गोर्खाका रैयतको डंड जिताउरि गोर्षाले खानु भोटका रैयतको डंड जिताउरि भोटले खानु भन्या थिति वन्दोवस्त गरि छियौं. येस थिति वन्दोवस्तमा सिवानामा रहन्या मानिस छोटा वडा रैयत गैह्ले यो लेख्या वमोजिम नमानि लंघन गर्नामा जो पसला तेस्तालाई २ सर्कारवाट सजाय होला. येस वेहोरामा षतुकिहरूलाई आफ्ना आफ्ना जिल्लामा छंदाछदै दव उनामा जो पसला उसलाई डंड भारि सासना होला भन्या थितिको वन्दोवस्त गर्‍यौ ।—

तपसील

श्री ५ गोर्खा तरफ भारादार—

| | |
|---|---|
| काजि उमाकान्त उपाध्या— | १ |
| कपतान् सताराम् षत्रि— | १ |
| कपतान् जवर कार्कि— | १ |
| डिट्ठा मानसरवर— | १ |
| भोट् मुन्सी धिनरसि— | १ |

श्री भोटतर्फका भारादार

| | |
|---|---|
| लावाङछ्यानजोय च्याङ घ्याप् ह्लावाङ गोनवो— | १ |
| कुतिका ढेवा मेन छुवा— | १ |
| कुतिका ढेवा हिजिन ताना— | १ |

| | |
|---|---|
| कारोबारि नाम् छ्याल् छेटेन् — | १ |
| दोभास्या इस्पे — | १ |
| दोभास्या कार्साङ — | १ |
| षासाको मिझार जिवधर — | १ |
| षासाको ह्लाप्चेन — | १ |

साके १७७५ सम्वत् १९१० साल मिति श्रावण सुदि १ रोज ६ मुकाम षासा शुभम् —

येहि वेहोराको भोटचा अक्षर पनि छ । —

ह्लासाका मुतारिन् ङाउतारिन अम्वा २ वाट श्री ५ गोर्खा सर्कारमा लेषि पठायाको नेवार र षांवाहरूको झगडामा २ षांवा र १ नेवार मर्याका कुरामा जिउको वदला जिउ गयो केहि तिर्नु पर्दैन. वाकि नेवारले दुई षाम्वा मार्याका कुरामा ८० टाक नेवारले दिनु देवताका स्थानमा येक हजार ठुलो दीप वालनु गुंवामा २ फेरा च्या षुवाउनु च्याको मोल ५० टाक दिनुपर्‍यामा पुर्नसिलाई पक्रि वाध्या पछि छ्यांदुवाल तमसुक फिराइ दिनुपर्छ. वाकि षांवाको झगडामा हरायाको टाक ४०४२।२।२ मध्ये नेवारले दिया को टाक १३२१।६ वाकि टाक १६१०।२ छ्यांदुवालाई दिउला भनि कवुल गर्‍या वाकि टाक २५५६।६ मा नेवारले आधा दिनु छ्यांदुवाले आधा सहनु अरू जिनिसिमालको मोलमा तिन षंडको एक षंड काला मोहर टाक २०० नेवारले छ्यांदुवालाई दिनु छ्यांदुवाले झगडा नगर्नु इ झगडा गर्न्या दुवै थरलाई धपाई दिनु भन्या वेहोरासंग झगडा छिनियो हांफोङ ३ सालका १२ महिनाका २७ दिन जांदा

श्री ५ गोर्खा सर्कारवाट ह्लासाका मुंतारिन् ङाउतारिन अम्वा २ लाई लेषि गयाको — नेवार र षांवालिको झगडा मा लेषि आयाको वमोजिम वेहोरा सांचो हो भन्या वढिया निसाफ भयेछ तर हाम्रा नाइक्याले ह्लासाका हाकिमसंग फिर्‍याद गर्न जांदा तिमी दुवै थर हाम्रा प्रजा होइनौ ज्यामन् पर्छ सो गर भनि जवाव दिन्या हाकिमलाई निसाफले क्या ठह्‍र्‍यो । येस्कुराको यो निसाफ भयो भनि केहि आयेन १९१० साल फागुन सुदि १० रोज—

क्रमश: